जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २२० | २०७७ साल चैत २१ गते शनिबार (3 Apr. 2021 Saturday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : ओलीको 'नोटिस'मा नपरेका ... ३ पृष्ठमा : रेडियो नेपाल : सात दशक. ३ पृष्ठमा : ताइवान रेल दुर्घटनामा...

# रेशम चौधरीलाई जेलमुक्त नगरेसम्म सरकारमा नजाने : नेता महतो



**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

जनता समाजवादी पार्टीका वरिष्ठ नेता अशोक राईले रेशम चौधरीलाई षड्यन्त्रपूर्वक फसाएको भन्दै उनले चाडै न्याय पाउने दाबी गरेका छन् ।

पार्टीको थारु संघद्वारा सप्तरीको शम्भुनाथ नगरपालिका ७ स्थित कठौनामा शुक्रवार आयोजित रेशम चौधरी रिहाई राष्ट्रिय जागरण सभालाई सम्बोधन गर्दै उनले सो दाबी गरेका हुन् ।

रेशम चौधरीसहित थारुहट, मधेस बिद्रोहका क्रममा नेताकार्यकर्ताहरु माथी लगाएको झुठा मुद्दा समेत फिर्ता हुने बताउदै नेता राईले जसपा उत्पीडित र अन्यायमा परेका समुदायको अधिकार सुनिश्चितताका लागि प्रतिबद्ध रहेको उल्लेख गरे ।

सभालाई सम्बोधन गर्दै अर्का वरिष्ठ नेता राजेन्द्र महतोले अधिकार प्राप्तिको लागि राष्ट्रिय मुक्ति आन्दोलन आवश्यक रहेको जिकिर गरे । रेशम चौधरीलाई जेलमुक्त नगरेसम्म सरकारमा नजाने पार्टीको अडान रहेकोले यसमा कसैलाई शंका नगर्न आग्रह पनि गरे ।

उनले जसपा सरकारमा जाने भ्रम तथा पार्टी फुट्ने भनेर गराइएको झुठा प्रचार मात्र भएको दाबी गरे । उनले मधेशी, आदिबासी, जनजाति, मुस्लिम, दलित तथा उपेक्षित वर्ग समुदायका लागि बनेको पार्टी ओली नेतृत्वको सरकारमा नजाने तथा नफुट्ने दाबी गरे ।

त्यस्तै सभामा पार्टीका कार्यकारिणी सभा सदस्य सरदसिंह भण्डारीले जसपा आन्दोलन र बिद्रोहबाट बनेको पार्टी भएकोले राष्ट्रका कुनै शक्तिले फुटाउन नसक्ने बताए ।

उनले ओलीको साईबरसेनाले जसपाको विरुद्ध झुठा प्रचारबाजी गरेर अफबाह फैलाएको दाबी गर्दै यस्ता भ्रममा नपर्न कार्यकर्तालाई आग्रह गरे ।

जसपा थारु संघका केन्द्रिय अध्यक्ष शम्भु चौधरीको अध्यक्षतामा आयोजित सभालाई जसपाका केन्द्रिय कार्यकारिणी समिती सदस्य तथा प्रदेश २ का सामाजिक बिकास मन्त्री नबलकिशोर साह, प्रतिनिधि सभा सदस्य चन्द्रकान्त चौधरी, राष्ट्रिय सभा सदस्यहरु मृगेन्द्रकुमार सिंह यादव, शेखर सिंह, जसपा कार्यकारिणी समिति सदस्यहरु रेणु यादव, राज कुमार लेखी, सुशिला श्रेष्ठ लगायतकाले सम्बोधन गरेका थिए ।

# पानी भरिएको बाल्टिनमा डुबेर नाबालिकाको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

सप्तरीमा एक नाबालिकाको बाल्टिनमा भरिएको पानीमा डुबेर शुक्रबार ज्यान गएको छ ।

जिल्लाको बोदेबरसाईन नगरपालिका वडा नं. ३ निवासी देबिन यादवको १६ महिने छोरी अस्मिता कुमारी यादवको ज्यान गएको हो ।

कपडा धुनका लागि ट्युवेल नजिकै पानी भरेको राखिएको बाल्टिनमा खेल्दा खेल्दै बालिका खसेपछि निसासिएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता घटना बारे थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय कडरबोनाले जनाएको छ ।

# विपद् सम्बन्धी रिफ्रेसर तालिम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

भीमदल गण भलुवाही ब्यारेक राजविराजले विपद् सम्बन्धी एक हप्ते रिफ्रेसर तालिम शुक्रबार सम्पन्न गरेको छ ।

उक्त तालिम विपद्को अवस्थामा जनधनको क्षति न्युनिकरण गर्ने बारे आगलागी, भुकम्प र बाढी पहिरोमा केन्द्रित रहेर संचालन गरिएको भिमदल गणका प्रमुख सेनानी गणपति निरज भण्डारीले जानकारी दिएका छन् ।

विपदमा फसेका व्यक्तीहरुको उद्धार र तत्काल आवश्यक पर्ने प्राथमिक उपचार समेतको ज्ञान र सीपलाई तालिममा समेटिएको गणका अधिकृत सहसेनानी आर्जन राणाले बताए । यस्तै विपद् व्यवस्थापनमा खटिने तालिम प्राप्त फौजलाई कूशलतापुर्वक काम गर्न मद्दत मिल्ने उनको भनाई छ ।

उनका अनुसार यस्ता तालिमले विपद्को अवस्थामा उद्दारको विभिन्न तरिका र पद्धतिको बारेमा तालिमरत शिक्षार्थीहरुलाई ज्ञान समेत दिने उल्लेख गरे ।

# दिगो विकासका लागि शिक्षा अपरिहार्य : आयोग सदस्य ठाकुर



**दैनिक समाचारदाता**
**राजबिराज, २० चैत ।**

युनेस्कोका निमित्त राष्ट्रिय आयोगका सदस्य रन्जु ठाकुरले मुलुकको दिगो बिकासका लागि शिक्षा अपरिहार्य रहेको बताएकी छिन् ।

शिक्षा, बिज्ञान तथा बिज्ञान प्रबिधि मन्त्रालय तथा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय सिंहदरवार, काठमाडौंद्वारा आयोजित सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रममा यस्तो बताएकी हुन् ।

गुणस्तरिय शिक्षालाई प्रबिधिसँग जोड्नका लागि प्राबिधिक बिद्यालय स्थापना गर्न युनेस्कोले सहयोग गर्न तयार रहेको बताउँदै उनले युनेस्कोले स्थानिय स्तरमा क्रियाकलाप गर्न स्थानिय निकायहरूसँग समन्वय गरेर अगाडी बढ्ने लक्ष्य रहेको जिकिर गरिन् ।

युनेस्कोका प्रशिक्षक पदमराज जोशीले शिक्षा, बिज्ञान, संस्कृति, आमसंचार सहित बिद्यालय तथा सामुदायिक अध्ययन केन्द्र भवन निर्माण, युनेस्को सहभागितामुलक कार्यक्रम संचालन गर्नुको साथै राष्ट्ररूपमा बाल चित्रकला डायरी प्रतियोगिता गरी अन्य गरी नेपाललाई सबै क्षेत्रमा अन्तराष्ट्रिय स्तरमा पहिचान बनाउन युनेस्कोले भुमिका खेल्दै आएको बताए ।

कार्यक्रममा राजबिराज नगर उपप्रमुख साधना झाले युनेस्कोले केन्द्रीय स्तरमा बढी कार्यक्रम गर्दै आएकोले स्थानिय तहमा पनि कार्यक्रम संचालन गर्नुपर्ने जोड दिईन् ।

केअ माबिका शिक्षिका निलम मिश्राले लागू औषध,

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय

# विकासीय कार्यमा ध्यान दिऔं

सप्तरी जिल्लाका विभिन्न स्थानिय निकायहरुमा भइरहेको विकासीय कार्यप्रति अनुगमन हुन नसक्दा ती कामहरु पारदर्शी हुन सकेको छैन् । लामो समयदेखी भइरहेको विभिन्न विकासीय कार्यको अनुगमन गर्न कुनै समिति गठन समेत नभएकोले ती कार्यहरु पारदर्शी हुन नसकेको हो । विगतमा नगर र जिल्लाको विकासीय कार्यका लागि जिल्ला तथा नगर अनुमगन समिति गठन हुने गर्थे । तर अहिले वर्तमानमा त्यस्ता कुनै समिति गठन भएको देखिदैन् । यसरी जिल्ला वा नगरको विकासका लागि भइरहेको त्यस्ता कार्य जुन जनतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले त्यसका लागि कसैको ध्यान नपुग्नु जिल्लाकै दुरभाग्य हो ।

विकासीय कार्यहरुको कम्तिमा गुणस्तर, समय तथा तरिका मापन गर्नु अति आवश्यक हुन्छ । यता राजविराजस्थित मुख्य सडकहरुमा गरिएको कामहरु दुई वर्ष पनि नपुग्दै मर्मत गर्ने अवस्थामा पुगेको छ । विकासीय कार्यमा हेलचक्राई गर्नु र त्यसलाई ढाकछोप गर्नु दुबै अपराध हो । तर, यसप्रति सम्बन्धीत निकायको ध्यान पुग्न नसक्नु त्यस्ता कार्यमा मिलोमतो हुन सक्ने अनुमान गर्न सकिन्छ ।

तसर्थ यसका लागि स्थानिय जनप्रतिनिधि तथा विकासीय कार्यप्रति सरोकार राख्ने सम्पूर्ण निकायले त्यस्ता कार्यप्रति निगरानी बढाउनु आवश्यक छ भने सही ढंगले दिशानिर्देश गराउन तत्परता देखाउनु जरुरी छ ।

# ओलीको 'नोटिस'मा नपरेका जयकृष्ण गोइत किन भए भूमिगत ?



प्रधानमन्त्री केपी शर्मा ओलीले फागुन २० गते नेकपा माओवादीका महासचिव नेत्रविक्रम चन्द विप्लवसँग ३ बुँदे सम्झौता गर्दै भनेका थिए, अब कोही पनि विद्रोही समूह छैन, पृथकतावादी आन्दोलन गर्ने पनि कोही बाँकी छैन ।'

त्यसको ठीक ९ दिनपछि अर्थात चैत १ गते जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) ले सिरहाको लहानस्थित मालपोत कार्यालयमा बम विस्फोट गराएर प्रधानमन्त्री ओलीलाई चुनौती दियो ।

गोइतले विज्ञप्ति जारी गरेर भ्रष्टाचारको विरुद्धमा विस्फोट गराएको प्रतिकृया दिए । तर, उनले प्रधानमन्त्री ओलीले दाबी गरेको विषयमा बम विस्फोटमार्फत प्रतिकृया दिएको विश्लेषण गरिँदै आएको छ । पृथकतावादी आन्दोलनमा लागेका सिके राउत र सशस्त्र आन्दोलनमा लागेका विप्लवलाई मूलधारको राजनीतिमा ल्याएर अब यो देशमा कुनै विद्रोही समूह छैन, सशस्त्र आन्दोलन समाप्त भयो भन्नासाथ गोइतबाट ओलीले जवाफ पाएका हुन् ।

हुन त विस्फोट भएकै दिन गोइत समूहका एकजना पोलिटव्युरो सदस्य रामविलास यादवलाई सरकारले मूलधारको राजनीतिमा ल्याएको थियो । रामविलास यादव २०५८ सालदेखि नै भूमिगत थिए । १९ वर्षसम्म भूमिगत रहेर संघर्ष गर्दै आएका नेता यादव सिडियो कार्यालयबाट सार्वजनिक भएका थिए ।

यादव भन्छन्, 'गोइत पनि वार्ता विरोधी हुनुहुन्न, उहाँले पनि वार्ताकै माध्यमबाट समस्या समाधान गर्न चाहनुभएको छ । तर, सरकारले त्यसलाई ठीक ढंगले प्रोजेक्ट गर्न सकेको छैन । सरकारले आत्मसमर्पण गराउन चाहन्छ, जो गोइतजीबाट सम्भव छैन ।'

१९ वर्षको अवधिमा सरकारले विभिन्न माध्यमबाट वार्ता गर्नका लागि पटक-पटक प्रयास पनि गरेको हो । तर, त्यसको वातावरण बन्न सकेको छैन । सरकारको चाहना थियो, हातहतियार सरकारलाई बुझाइदेओस्, सशस्त्र गतिविधि छोडिदियोस् । तर, त्यसको बदलामा राजनीतिक रुपमा भने सरकारले केही दिन नचाहेको गोइत निकट नेताहरुको भनाइ छ ।

यादव भन्छन्, 'हामीले त्यतिबेलै भनेका थियौं, हामी हातहतियार बुझाउँछौं, तर हाम्रा कार्यकर्तामाथि लागेका सम्पूर्ण मुद्दा फिर्ता हुनुपर्छ । जेलमा रहेका सम्पूर्ण बन्दी रिहाइ हुनुपर्छ । त्यसपछि मात्र हामी वार्तामा बस्छौं । तर, सरकारले कहिल्यै स्वीकार गरेन । सरकारको चाहना छ कि अरु सशस्त्र समूहले जसरी नै आत्मसमर्पण गरेर सरकारसँग वार्ता होस्, त्यसो गर्दा जनतान्त्रिक तराई मुक्ति मोर्चाले पनि सरकारसमक्ष आत्मसमर्पण गर्नुपर्ने हुन्छ ।'

आफूहरुले त्यत्रो समयदेखि सशस्त्र आन्दोलन गरेको र मधेसका जनताको साथ र समर्थन रहेको हुनाले सरकार समक्ष आत्मसमर्पण नगर्ने निर्णय गरेको सुनाउँदै नेता यादवले पछिल्लो समय जनतान्त्रिक मुक्ति मोर्चासँग वार्ता गर्न सरकार सकारात्मक नदेखिएका कारण आफू मोर्चा छाडेर एक्लै मूलधारको राजनीतिमा आएको बताए । आफूहरुले जे मागका लागि सशस्त्र आन्दोलन गरेको थियो, त्यो माग शान्तिपूर्ण ढंगबाट पनि प्राप्त गर्न सकिन्छ भनेर आफू शान्ति प्रकृयामा आएको उनले बताए ।

'नेपालबाट तराई अलग गर्ने माग सरकारलाई दबाव दिनका लागि राखिएको माग हो, नेपाललाई टुक्र्याउन त्यति सजिलो छैन' उनी भन्छन्, 'एक त नेपाल सानो देश हो, त्यसबाट पनि तराईलाई अलग गरिदियो भने के बाँकी रहन्छ ? त्यसैले जनतान्त्रिक तराई मुक्ति मोर्चाको मागमध्ये त्यो बटमलाइन थिएन, सरकारले वार्ता गर्न चाहेको भए त्यसमा कम्प्रोमाइज गर्न सकिन्थ्यो ।'

गोइतले पनि अहिले मुख्यरुपमा नेपालबाट तराईलाई अलग गर्नुपर्छ भन्दै तराई मुक्तिका लागि सशस्त्र गतिविधि गरिरहेका छन् । तर, उनी त्यसमै अडान लिएर बस्ने पक्षमा नरहेको यादवको दाबी छ । सरकारले वार्ताको वातावरण बनाए उनी पनि मूलधारको राजनीतिमा आउनेमा आफू विश्वस्त रहेको तर वार्ता सम्मानजनक हुनुपर्ने उनी बताउँछन् । आत्मसमर्पण गर्ने पक्षमा गोइत नरहेको उनी बताउँछन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओली अहिले प्रधानमन्त्री छन् । तर, आफ्नै पार्टीका पुराना नेता गोइततिर उनको ध्यान गएको छैन । प्रधानमन्त्री ओलीले अब कुनै विद्रोही समूह तथा पृथकतावादीहरु छैनन् भनिरहँदा आफ्नै पार्टीका तत्कालीन नेताप्रति किन ध्यान नगएको भन्ने प्रश्न उठ्न थालेको छ ।

**को हुन् गोइत ?**

सुरुमा दुईचोटि सप्तरी क्षेत्र नम्बर ३ मा एमालेका तर्फबाट प्रतिनिधिसभाको उम्मेदवार बनेका गोइत माओवादीमा प्रवेश गरेका थिए । तर, माओवादीबाट पनि चिढिएर उनी अलग्गै सशस्त्र आन्दोलनमा लागेका हुन् ।

माओवादीले गोइतको नेतृत्वमा मधेसी राष्ट्रिय मुक्ति मोर्चा गठन गरेको थियो । पछि सो मोर्चाबाट उनलाई हटाएर मातृका यादवलाई संयोजक बनाइयो र गोइतलाई जिल्ला कमिटीमा सीमित गरियो । त्यसपछि उनी जनतान्त्रिक तराई मुक्ति मोर्चा बनाएर सशस्त्र गतिविधिमा लागे । शुरुमा भूमिगत हुँदा त्यतिबेला माओवादीका थुप्रै नेता-कार्यकर्ता गोइतको निशाना बनेका थिए । माओवादीले उनीमाथि जे व्यवहार गर्यो, त्यसले गर्दा उनले बाध्य भएर बन्दुक उठाएको रामविलास यादवको दाबी छ ।

पूर्वएमाले नेता गोइत विद्यार्थी कालदेखि नै वामपन्थी विचारका थिए । भारतमा कलेज पढ्दा उनी वामपन्थी नेताको सम्पर्कमा गएका थिए ।

वामपन्थीका विभिन्न पार्टी तथा विचार समूह हुँदै माले, त्यसपछि एमाले अनि माओवादी र माओवादी छाडेर सशस्त्र आन्दोलनमा लागेका जयकृष्ण गोइतसँग अहिले कुनै पनि एमालेका नेतासँग सम्पर्क छैन । गोइत २०६१ साउन १० गतेदेखि भूमिगत भएका हुन् ।

तराई-मधेसमा सशस्त्र आन्दोलन गर्ने सबभन्दा पुरानो संगठन गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा नै हो । पछि सोही मोर्चाबाट विभिन्न समूहहरु छुट्टिए । त्यसमध्ये कतिपयले सरकारसँग वार्ता पनि गरेका छन् र मूलधारको राजनीतिमा आएका छन् । तर, गोइत आफ्नो मिसन छाडेर मूलधारको राजनीतिमा आउने पक्षमा देखिएका छैनन् । उनीनिकट नेताहरु भन्छन्, 'यत्रो लामो समयसम्म तराई मुक्तिका लागि आन्दोलन गर्नुभयो, अहिले बुढेसकालमा आएर आत्मसमर्पण गर्नुहुन्न । उहाँले आफ्नो मुद्दा जीवनकालसम्म उठाइरहनुहुन्छ ।'

सरकारसँग वार्ता गर्ने तर यूएनको मध्यस्थतामा गर्ने कुरा गोइतले पटक-पटक उठाउँदै आएका छन् । तर, सरकारले कसैको मध्यस्थता चाहेको छैन । गोइतसँग सिधै वार्ता गर्न चाहन्छ । वार्तामा नआए त्यतिकै समाप्त पार्ने तयारी गरिरहेको छ । तर, गोइत निकटका नेताहरु भन्छन्, 'उनी एक्लै भए पनि सरकारसँग लडिरहने पक्षमा छन् ।' रातोपाटीबाट

# साढे दुई करोडको पहुँचमा इन्टरनेट

काठमाडौं, २० चैत (रासस) ।

नेपालमा साढे दुई करोड जनसङ्ख्याको पहुँचमा इन्टरनेटको पहुँच पुगेको पाइएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको चालु आर्थिक वर्षको पछिल्लो सात महिना (साउन-माघ) को तथ्याङ्कअनुसार नेपालमा दुई करोड ५४ लाख १९ हजार बढी जनसङ्ख्याको पहुँचमा इन्टरनेट सेवा पुगेको हो ।

गत पुस महिनाको तुलनामा माघ महिनामा छ लाख ८३ हजार बढी इन्टरनेट प्रयोगकर्ता थपिएका छन् । गत पुस महिनासम्म कूल दुई करोड ४७ लाख ३५ हजार ६५० जनाको पहुँचमा इन्टरनेट सेवा पुगेको छ । कूल जनसङ्ख्याको ८४ प्रतिशत जनताका पहुँचमा इन्टरनेट सेवा पुगेको तथ्याङ्कमा उल्लेख छ । प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११-२०३०) लाई आधार मानेर उक्त प्रतिवेदन तयार पारेको हो । प्रतिवेदनमा प्राधिकरणले नेपालको कूल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ ।

प्राधिकरणका अनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ । माघसम्म मोबाइल इन्टरनेटको हिस्सा ६१ दशमलव ४७ प्रतिशत छ । एक करोड १३ लाख बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको र यसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ८६ लाख ६० हजार र एनसेलको २४ लाख ९१ हजार रहेको छ । त्यस्तै फोरजी प्रयोगकर्ता ७० लाख ९२ हजार र इभिडियो प्रयोगकर्ता एक लाख ३६ हजार ५७३ छन् ।

फोरजी प्रयोगकर्तामध्ये सबैभन्दा धेरै एनसेलका छन् । माघ मसान्तसम्म एनसेलका फोरजी प्रयोगकर्ता ४३ लाख २५ हजार ९३६ रहेका छन् । नेपाल टेलिकमका फोरजी प्रयोगकर्ता २५ लाख ४४ हजार ७२४ र स्मार्ट टेलिकमका दुई लाख २२ हजार छन् । फिक्स ब्रोडब्याण्डको हिस्सा २१ दशमलव ८५ प्रतिशत छ । यसमा एडिएसएलका आठ लाख ३७ हजार र एफटिटिएच इन्टरनेट प्रयोगकर्ता ५७ लाख ६८ हजार छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रेडियो नेपाल : सात दशकको यात्रा पूरा

काठमाडौँ, २० चैत (रासस) ।

मुलुकको जेठो प्रसारण संस्था रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) ले शुक्रबारदेखि सात दशकको लामो यात्रा पूरा गरेको छ । रेडियो नेपाल विसं २००७ चैत २० गते आजैका दिन प्रजातन्त्रको स्थापनाको पहिलो सन्देश बोकेर २५० वाटको सर्टवेभ ट्रान्समिटरबाट प्रसारणाम्भ गरिएको थियो । राजनीतिक परिवर्तनको आरोहअवरोह पार गर्दै झण्डै ५० वर्ष एक छत्र रेडियो सेवा दिए पनि विसं २०५४ मा अन्य एफएम स्टेसन स्थापना भएपछि भने प्रतिष्पर्धात्मक हुनुपर्ने चुनौती थपिएको थियो ।

हाल ६५० भन्दाबढी रेडियोसँग यसले खरो रुपमा प्रतिस्पर्धा गरिरहेको छ । यद्यपि सरकारद्वारा सञ्चालित रेडियो भएकाले कतिपय सीमा होलान् तर आवाजविहीनको आवाज बन्नुपर्नेमा दुई मत छैन । विसं २०७६/७७ को आर्थिक आर्थिक सर्वेक्षणअनुसार हाल रेडियोको पहुँच ८७ प्रतिशत जनातामा पुगिसकेको जानकारी गराउँदै संस्थाका कार्यकारी निर्देशक बुद्धिबहादुर केसी रेडियोलाई गुणस्तरीय कार्यक्रम उत्पादन र संस्थागत विकास गर्दै सार्थक लोककल्याणकारी प्रसारण संस्था बनाउने प्रतिबद्धता व्यक्त गर्नुहुन्छ ।

आफूलाई अन्य प्रसारणसंस्थासँग प्रतिस्पर्धी बनाउनु र समाचार तथा कार्यक्रम गुणस्तर बनाउँदै लैजानुपर्ने टड्कारो आवश्यकता रेडियो नेपाल सामु छ । यद्यपि अझै पनि दूरदराजका जनताका लागि रेडियो नेपाल पर्यायका रुपमा रहेको छ । अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकलाई सम्मान गर्दै मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य महत्वपूर्ण गतिविधिलाई आम नेपालीबीच पुऱ्याई राष्ट्रको सार्वभौमसत्ता तथा अखण्डतालाई अक्षुण राख्न सघाउ पुऱ्याउने खालका रेडियो कार्यक्रम प्रसारण गर्नेलगायत उद्देश्य राखेर रेडियो नेपाल स्थापना भएको रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१ बाट प्रष्ट हुन्छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङ रेडियो नेपाल नयाँ रणनीतिका साथ अघि बढेको र परिपक्क तथा जिम्मेवार बन्दै गइरहेको भए पनि अझै धेरै सुधारात्मक कार्यक्रम ल्याउन जरुरी छ भन्नुहुन्छ । उहाँ जनताको सरोकारका विषयमा समाचार उत्पादन गरिरहँदा मन्त्री वा सरकारले केही प्रश्न गर्ने हो की भनेर नडराइ काम गर्न सुझाव दिनुहुन्छ ।

विसं २०५२ सालमा नेपालमा नै पहिलो एफएम प्रसारण गर्न सफल रेडियो नेपालले चैत दोस्रो हप्तादेखि दोलखाको चरीकोटबाट थप एफएम रिले प्रशारण शुरु गरिसकेको छ । त्यो सँगै हालसम्म रेडियो नेपालका एफएम रिले स्टेशनको सङ्ख्या २४ पुगेको छ । अन्य छ मिडियम वेभ स्टेशन र अनलाइनबाट केन्द्रीय तथा प्रदेशिक प्रसारण अलग-अलग सुन्न सकिने व्यवस्था रहेको जनाइएको छ । नेपाल सरकारको मुलुकका सतप्रतिशत भूभागमा रेडियो सेवा पुऱ्याउने नीति रहेको सन्दर्भमा मुलुककै राष्ट्रिय धरोहरको रुपमा रहेको रेडियोले सोही अनुसारका प्रविधिको विकास, संस्थागत सुधार र गुणस्तरीय कार्यक्रम ल्याउनुपर्ने जरुरी छ । नेपाल सरकारले रेडियो नेपाललाई सार्वजनिक प्रसारण माध्याममा रुपान्तरण गर्ने नीतिसमेत लिएकाले यसले तिब्रतर रुपमा आमूल परिवर्तन गर्नुपर्ने देखिएको छ ।

सिंहदरबारमा शुक्रबार आयोजित भव्य समारोहबीच स्थापनाको ७१औँ वार्षिकोत्सव मनाउँदै गर्दा रेडियो नेपालको गरिमा जोगाइराख्ने सन्दर्भमा भने सहभागिबाट चिन्ता र चासो व्यक्त भएको थियो । उक्त समारोहमा मन्त्री गुरुङले हिमालको फेददेखि तराईको फाँटसम्म तथा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म प्रजातन्त्रको पहिलो सन्देश दिन सफल भएको रेडियो नेपालको गरीमा जोगाइराख्न जरुरी रहेको बताउनुभयो । रेडियो नेपालले अहिले अस्वस्थ प्रतिष्पर्धा गरिरहनु परेको सन्दर्भ जोड्दै मन्त्री गुरुङले यो परिस्थितिबाट रेडियो नेपाललाई प्रतिष्पर्धी बनाउन आग्रह गर्नुभयो ।

विज्ञ तथा प्राविधिक जनशक्तिसँग सुझाव लिएर छुट्टै कर्यायोजनाका साथ र आमूल परिवर्तन गर्दै अघि बढ्न सञ्चालकहरुलाई उहाँले आग्रह गर्नुभयो । उहाँले रेडियो नेपालको सुधारका लागि मन्त्रालय हरदम तयार रहेकासमेत बताउनुभयो । मन्त्री गुरुङले भन्नुभयो, "रेडियो नेपाललाई सुदृढ बनाउने, सङ्गठनको संरचनालाई परिवर्तन गर्ने र व्यवस्थापन तथा कार्यक्रम उत्पादनलाई अनुसन्धान मुलक बनाउने, सबै भाषाभाषी जातजाति र नेपाली संस्कृति, सभ्यता झल्कने सकारात्मक सन्देशमूलक समाचार निर्माणमा पुनःसंरचना गर्न जरुरी छ ।"

उहाँले सरकारी आमसञ्चार क्षेत्र (नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति (रासस), गोरखापत्र र रेडियो नेपाल) सबैलाई अब्बल बनाउने कुरामा सरकार दृढ रहेको बताउनुभयो । मन्त्री वा सरकार फेरिँदा रेडियो नेपाललगायत सरकारी मिडियाको संरचना, समाचार र कार्यक्रम उत्पादनको आचारसंहिता र कार्यविधि नफेरि स्थापित हैसियत राख्ने गरी स्थायी संरचना र सोच निर्माण हुनुपर्नेमा जोड दिनुभयो ।

मन्त्रालय मातहतका नेपाल टेलिकम, नेपाल टेलिभिजनलगायतले सुधारका लागि विभन्नि कार्ययोजना र कार्यशाला शुरु गरिसकेको जानकारी गराउँदै उहाँले रेडियो नेपाल, गोरखापत्र राससले पनि परिवर्तित परिस्थितिमा आफ्ना कार्यक्रम अघि बढाइ गुणस्तर र प्रतिष्पर्धी बनाउन आग्रह गर्नुभयो ।

"जसले अघि नबढाइ जागिरका निम्ति जागिर खाइरहनु हुन्छ, रचनात्मक र इनोभिटिभ रिस्टक्चर गर्न सक्दैन भने आलोचना मात्रै बेहोरेर बस्नुभन्दा इमान्दार रुपमा राजिनामा गरेर विदा हुँदा राम्रो हुन्छ", मन्त्री गुरुङले भन्नुभयो । त्यस्ता व्यक्ति आफू पनि डुब्ने र संस्थालाई पनि डुबाउने उहाँको भनाइ थियो । डिजिटल नेपालको अवधारणानुसार समृद्ध नेपाल निर्माणमा मन्त्रालयको भूमिका के रहन्छ भनेर अहिले छलफल चलाएको र प्रदेशस्तरीय सांसदसँग अन्तरक्रिया शुरु गरेको उहाँले जानकारी गराउनुभयो ।

आफ्नै पार्टीका नेताबाट सरकारको आलोचना आइरहेको राजनीतिक प्रसङ्ग कोट्याउँदै मन्त्री गुरुङले सरकारले गरेका कामबाट त्यो आलोचना चिरिएको जिकिर गर्नुभयो । उहाँले स्थायी सरकारले नै मुलुकको विकास गर्न सक्छ भन्ने कुरा अहिलेका उपलब्धिबाट थाहा पाउन सकिने जानकारी गराउनुभयो । उहाँले मुलुक अहिले सही ढङ्गले अघि बढेकोसमेत जिकिर लिनुभयो ।

समारोहमा मन्त्रालयका सचिव तथा रेडियो प्रसार सेवा विकास समितिका अध्यक्ष हरिप्रसाद बस्यालले मुलुकको जेठो प्रसारण संस्था रेडियो नेपालले आफूलाई प्रतिष्पर्धी बनाउँदै राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा समेत सेवा विस्तार गर्नु पर्नेमा जोड दिनुभयो । उहाँल्ले विषम परिस्थितिमा पनि रेडियो नेपालले नियमित रुपमा समाचार तथा सूचना प्रसारण गरेर मुलुकलाई महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै प्रशंसा गर्नुभयो ।

समारोहमा वरिष्ठ गायक तथा सङ्गीतकार प्रेमध्वज प्रधान र जनवादी गायक जीवन शर्मालाई जनही रु ५१ हजार नगदसहित 'रेडियो नेपाल राष्ट्रिय श्रष्टा सम्मान' प्रदान गरिएको थियो । समारोहमा दीर्घ सेवा पदकसहित उत्कृष्ट पत्रकार तथा कर्मचारीलाई पुरस्कृत गरिएको थियो ।

# बाह्र जिल्लामा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइँदै

काठमाडौँ, २० चैत (रासस) ।

सरकारले शुक्रबारदेखि देशका १२ जिल्लामा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइँदै छ ।

हात्तीपाइले रोग मानिसलाई शारीरिक रुपमा अशक्त तथा अपाङ्ग बनाउने सरुवा रोग हो । यसविरुद्ध हरेक वर्ष अभियान नै चलाए पनि नियन्त्रण हुन सकेको छैन । हात्तीपाइले विरुद्धको औषधिले असर गर्छ भन्ने भ्रमका कारण धेरैले औषधि खान नमान्दा अभियान प्रभावकारी हुन सकेको छैन ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जोखिममा रहेका १२ जिल्लामा हात्तीपाइले रोगबाट बच्नका लागि 'डाइथाइल कार्बामाजिन' (डिइसी) र जुकाको औषधि 'अल्बेन्डाजोल' नामक दुई औषधि शुक्रबारदेखि खुवाइँदै छ ।

चिकित्सकका अनुसार डिइसीले रगतमा रहेको परजीवी जुकालाई र 'अल्बेन्डाजोल'ले पेटमा रहेको जुकालाई मार्ने गर्दछन् । स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा कृष्णप्रसाद पौडेलले हात्तीपाइले जोखिम रहेका झापा, धनकुटा, मोरङ, बारा, लमजुङ, पर्वत, बाग्लुङ, कपिलबस्तु, दाङ, बाँके, बर्दिया र कैलाली जिल्लाका १२९ स्थानीय तहका ७० लाख ४५ हजार व्यक्तिलाई औषधि खुवाइँदै गरेको बताउनुभयो ।

औषधि खुवाउनका लागि पाँच हजार ४०० स्वास्थ्यकर्मी र नौ हजार ५०० महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ । दश दिनसम्म स्वास्थ्यकर्मी स्थानीयवासीको घरघरमा पुगेर औषधि खुवाउने उहाँले जानकारी दिनुभयो । उहाँले निर्धक्क भएर औषधि खान सबैलाई आग्रहसमेत गर्नुभयो ।

नेपालमा हात्तीपाइले रोग नियन्त्रणका लागि सरकारले सन् २००९ देखि ती औषधि खुवाइरहेको छ । हात्तीपाइले रोग सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । यो रोग लागेपछि मानिसलाई शारीरिकरूपमा अशक्त, असमर्थ र अपाङ्ग बनाउने गर्दछ । यो रोग एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीले मानिसको शरीरमा प्रवेश गरेपछि हुने गर्दछ । परजीवी प्रवेश गरेको केही वर्षपछि मात्र यो रोगको लक्षण देखिने गर्दछ ।

हात्तीपाइले रोगको लक्षण देखिसकेपछि निको पार्न नसक्ने भएकाले रोग लाग्न नदिन नै यस रोगबाट बच्न उत्तम उपाय रहेकाले औषधि खुवाउन थालिएको हो । हात्तीपाइले रोग शुरूको अवस्थामा नरम वा थिच्दा थिचिने खालको सुन्निने गर्दछ भने पछिल्लो अवस्थामा छाला बाक्लो हुँदै नथिचिने खालको हुँदै जाने, ठूलो खालको सुन्निने, छालामा पत्र हुँदै जाने वा गाँठागुँठी पलाउन थाल्ने र सुन्निएको अङ्गमा मुसा पलाउने र घाउ हुँदै जाने गर्दछन् ।

विश्व स्वास्थ्य सङ्गठनसँगै नेपालले पनि सन् २०३० सम्म औषधि सेवनमार्फत यस रोगलाई निवारण गर्ने लक्ष्य लिएको छ । वर्षको एकपटकका दरले छ वर्षसम्म नियमित औषधि सेवन अभियान सञ्चालन गर्ने र रोग सर्ने प्रक्रियालाई रोकिने लक्ष्य लिइएको महाशाखाका निर्देशक डा पौडेलले बताउनुभयो ।

दुई वर्ष उमेर नपुगेको बालबालिका, गर्भवती र सात दिनसम्म सुत्केरी तथा सिकिस्त बिरामीले हात्तीपाइले रोगविरुद्धका ती औषधि सेवन गर्नुहुँदैन । हात्तीपाइले विरुद्धको औषधिले केहीलाई रिँगटा लाग्ने, ज्वरो आउने र वाकवाकी लाग्ने जस्ता लक्षण देखिए पनि केही समयपछि यो समस्या हट्ने निर्देशक डा पौडेलले बताउनुभयो । नेपालमा अझै पनि झण्डै ३० हजार हात्तीपाइलेका बिरामी रहेको अनुमान छ ।

## विश्व समाचार

### ताइवान रेल दुर्घटनामा दर्जनौंको मृत्यु

ताइवान, २० चैत (रासस-एएफपी) ।

ताइवानको पूर्वी क्षेत्रमा सुरुङ (टनेल) भित्र खचाखच भरिएको एउटा रेल दुर्घटनाग्रस्त हुँदा केही दर्जन यात्रीको मृत्यु भएको छ । ताइवानमा शुरु भएको लामो बिदा मनाउन हिँडेका यात्रुले रेल खचाखच भरिएको अधिकारीहरुले बताएका छन् । उद्धारकर्ताहरु सुरुङभित्र च्यापिएका मानिसको उद्धारमा खटिएका छन् । प्रहरीले कम्तीमा ३६ जनाको मृत्यु भएको जनाएको छ भने अरु ७० जना रेलका डब्बाभित्र च्यापिएको जनाएको छ । उद्धार गरिएका ६० जनालाई भने अस्पताल पुऱ्याइएको छ ।

अधिकारीहरुले तटीय शहर हुलियान नजिकको सुरुङ नजिक एउटा मर्मत कार्यमा प्रयोग गरिएको सवारी साधनले तिब्र गतिमा दौडिरहेको रेललाई ठक्कर दिएको अनुमान गरेका छन् । हुलियान शहरका प्रहरी प्रमुख चाई डिङ-हेसियानले निर्माण कार्यमा प्रयोग भइरहेको एउटा सवारी साधन रेलको लिकमा खसेका कारण रेल दुर्घटना भएको बताउनुभयो । स्थानीय सञ्चार माध्यमले रेलको नजिकै एउटा ट्रक क्षतविक्षत अवस्थामा रहेको तस्वीर प्रकाशन गरेका छन् । उक्त दुर्घटना स्थानीय समयअनुसार बिहान ९.३० बजे भएको थियो ।

### कंगोमा विद्रोहीले हमला गरी २९ जना गाउँलेको हत्या

बेनी, कंगो, २० चैत (रासस/सिन्ह्वा) ।

उत्तरी कंगोको किभमा युगाण्डाका विद्रोहीहरुले गरेको आक्रमणमा परी कम्तीमा पनि २९ जना नागरिकको ज्यान गएको बताइएको छ । युगाण्डीयन विद्रोही समूह अलाइड डेमाक्र्याटिक फोर्स (एडिएफ) ले कंगोको किभ प्रान्तको बेनी भन्ने स्थानमा शुक्रबार सो आक्रमण गरेको बताइएको थियो । त्यस आक्रमणमा परेर कम्तीमा पनि २९ जना सर्वसाधारण नागरिकको ज्यान गएको समाचारमा जनाइएको छ ।

बेनीको नगरपालिका प्रशासनले सो क्षेत्रमा कम्तीमा पनि २५ जना सर्वसाधारणको शव भेटिएको जानकारी गराएको छ । ती नागरिकहरु सो क्षेत्रका स्थानीय रहेका पनि समाचारमा जनाइएको छ । प्राप्त समाचारअनुसार यहाँका एक गाउँमा भएको सो हमलामा स्थानीय नागरिकहरुकै हत्या भएको पाइएको छ । त्यसमा परेर अरु चार जना विद्रोही पनि मारिएका छन् । ती विद्रोहीहरु गाउँलेले प्रतिकार गर्ने क्रममा ज्यान गएको समाचारमा जनाइएको छ । सो क्षेत्रमा अरु कम्तीमा पनि ५० जना सर्वसाधारण हराएका छन् । उनीहरुलाई ती विद्रोहीहरुले अपहरण गरेर लगेका यहाँको सैनिक स्रोतले जनाएको छ । हत्याको कारण खुल्न सकेको छैन । यहाँको सैनिकले ती हत्याराहरुको खोजी जारी रहेको पनि बताएको छ ।

### माल्दिभ्समा शुक्रबारदेखि विद्यालय सञ्चालन हुने

माले, २० चैत (रासस/सिन्ह्वा) ।

माल्दिभ्सको राजधानी मालेमा एक महिनादेखि लगाइएको कर्फ्यु हटाइएपछि शुक्रबारदेखि यहाँको बजार तथा शिक्षण संस्थाहरु खुल्ने भएका छन् । गत मार्च ४ तारिखदेखि माल्दिभ्सको राजधानी मालेमा कर्फ्यु लगाइएको थियो । यहाँको स्वास्थ्य सुरक्षा निकायले कोभिड १९ को संक्रमण बढेको भन्दै मालेमा कर्फ्यु आदेशको घोषणा गरेको थियो । राजधानी सहरमा लगाइएको कर्फ्यु गए रातिदेखि अन्त्य गरिएको यहाँको स्वास्थ्य सुरक्षा निकायले शुक्रबार जानकारी दिएको हो ।

बिहीबार साँझ प्रकाशन गरेको सूचनामा बिहीबार राति ११ बजेदेखि बिहान ४:३० बजेसम्मका लागि लागू गरिएको कर्फ्यु हटाइएको जनाइएको छ । कोरोनाभाइरसको महामारी थप फैलिन नदिने उद्देश्यले गएको मार्च महिनाको ४ तारिखदेखि यहाँ कर्फ्यु लगाइएको थियो । शुक्रबारदेखि कर्फ्यु हटेपछि यहाँका प्राथमिक विद्यालय, नर्सरीहरु, डे केयर, जिम, विश्वविद्यालय, चलचित्र घरलगायत पूनः सुचारु हुने भएका पनि बिहीबार साँझ प्रकाशन गरिएको सूचनामा जनाइएको छ । यहाँको सरकारले अब राजधानी मालेमा यी सबै सेवा सञ्चालन गर्न दिए पनि कोरोना भाइरसबाट बच्न अपनाउनु पर्ने स्वास्थ्यसम्बन्धी मापदण्डहरु भने पालना गर्नुपर्ने व्यवस्था गरेको छ । माल्दिभ्सको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार यहाँ अहिलेसम्म करिब २४ हजार मानिसमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको जनाएको छ ।

### ताइवान रेल दुर्घटनामा कम्तीमा ४० जनाको मृत्यु भएको आशंका

ताइवान, २० चैत (रासस-सिन्हवा) ।

ताइवानको पूर्वी क्षेत्रमा सुरुङ (टनेल) भित्र खचाखच भरिएको एउटा रेल दुर्घटनाग्रस्त हुँदा कम्तीमा ४० यात्रीको मृत्यु भएको आशङ्का गरिएको छ । यसअघि प्रहरीले कम्तीमा ३६ जनाको मृत्यु भएको जनाएको थियो भने अरु ७० जना रेलका डब्बाभित्र च्यापिएको जनाएको छ । उद्धार गरिएका ६० जनालाई भने अस्पताल पुऱ्याइएको छ । ताइवानमा शुरु भएको लामो बिदा मनाउन हिँडेका यात्रुले रेल खचाखच भरिएको अधिकारीहरुले बताएका छन् । उद्धारकर्ताहरु सुरुङभित्र च्यापिएका मानिसको उद्धारमा खटिएका छन् ।

# पछिल्लो २४ घण्टामा १७९ कोरोना संक्रमित

काठमाडौं, २० चैत (रासस)।

पछिल्लो २४ घण्टामा १७९ कोरोना संक्रमति भएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार कूल तीन हजार ५६५ को स्वास्थ्य परीक्षण गर्दा उक्त संख्यामा कोरोना संक्रमित भेटिएका हुन्।

यस्तै कूल १११ जना भने निको भएका छन्। विवरणअनुसार सबैभन्दा बढी वाग्मती प्रदेशमा १०६ जना संक्रमित भएका छन्। गण्डकीमा ३३, लुम्बिनीमा १६, सुदूरपश्चिममा १२, कर्णालीमा एक, प्रदेश नं १ मा नौ र प्रदेश नं २ मा दुई जना संक्रमित भएका छन्।

यस्तै छिमेकी देश भारतमा कोरोनाको थप संक्रमण फैलिएपछि सीमानाकामा एन्टिजेन परीक्षण थालिएको छ। सो परीक्षणअनुसार कूल ६८ जनामा एन्टिजेन पोजेटिभ देखिएको छ।

सरकारले बेलहिया रुपन्देही, गड्डाचौकी कञ्चनपुर, जमुनाह बाँके, कृष्णनगर कपलिवस्तु र त्रिनगर कञ्चनपुरमा एन्टिजेन परीक्षण गरेको छ। परीक्षणअनुसार पोजेटिभमध्ये संक्रमण दर चार प्रतिशत रहेको छ। मन्त्रालयका अनुसार कूल ६१ जना क्वारेन्टिनमा रहेका छन् भने हालसम्म कूल १७ लाख ९१ हजार ६०६ जनाले कोरोनाको खोप लगाएका छन्।

# हराएका प्राचीन मूर्ति अमेरिकाद्वारा हस्तान्तरण

काठमाडौँ, २० चैत (रासस)।

अमेरिका सरकारले हराएका तीनवटा प्राचीन मूर्ति नेपाललाई हस्तान्तरण गरेको छ। गणेश र बुद्धको आसनस्थ तथा काठमा कुँदिएको अप्सराको मूर्ति शुक्रबार हस्तान्तरण गरिएको हो।

न्युयोर्क जिल्लाका न्यायाधिवक्ताको कार्यालयका प्रतिनिधिले त्यहाँस्थित नेपालका कार्यवाहक महावाणिज्यदूत विष्णुप्रसाद गौतमलाई ती मूर्ति हस्तान्तरण गरेका महावाणिज्यदूतावासले जनाएको छ। गैरकानूनीरूपमा प्राचीन सामग्रीको ओसारपसार एवं खरिदबिक्री गर्ने समूहबाट अमेरिकी गृहमन्त्रालय र सुरक्षा निकायको सहयोगमा ती मूर्ति तिनका वास्तविक हकदारलाई फिर्ता गर्ने अमेरिका सरकारको नीतिअनुसार हराएका मूर्ति पुनः प्राप्त गरी नेपाललाई हस्तान्तरण गरिएको हो। चार वर्षको अनुसन्धान एवं कानूनी प्रक्रिया पूरा गरी शुक्रबार ती मूर्ति नेपाललाई प्रदान गरिएको हो।

हराएका प्राचीन सामग्री हस्तान्तरण गरेकामा नेपालले अमेरिकी सरकार र सम्बद्ध सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दै भविष्यमा पनि यस्ता सत्कार्यमा सबैको सहयोग प्राप्त हुने विश्वास व्यक्त गरेको छ। त्यस अवसरमा अमेरिकी अधिकारीलाई खादा ओढाएर सम्मान पनि गरिएको महावाणिज्य दूतावासले जनाएको छ। हस्तान्तरण गरिएका ती मूर्ति यथाशक्य चाँडो नेपाल पठाइने जनाइएको छ।

### दिगो विकासका ...

महिला हिंसासँगै बिद्यालय क्षेत्रलाई कसरी शान्ति क्षेत्र घोषण गर्न युनेस्कोले स्थानिय स्तरमा कार्यक्रम गर्नुपर्ने सुझाव दिईन्।

सो अवसरमा राजबिराज नगरपालिका प्रमुख प्रशासकिय अधिकृत मदनकुमार थापा, राजबिराज वडा ८ का वडा अध्यक्ष जयनारायण मण्डल, शिक्षा शाखा अधिकृत भोगेन्द्र यादब, नरेन्द्र मेमोरियल माबि बोरियाका प्रअ रामानन्द सुनरैत यादब, राजदेबी ठाकोदेबी राजदेबी माबिका प्रअ दिलिप यादब, केअ माबिका बिद्यालय ब्यबस्थापन समिति अध्यक्ष धिरू बर्मा, केअ प्रअ योगेन्द्र यादब, पत्रकार सुधा देव, चन्दनकुमार यादब लगायतले बोलेका थिए।

युनेस्को संयुक्त राष्ट्र संघ मातहतको निकाय रहेकोले मुलुकको शिक्षा, बिज्ञान र संस्कृति, आमसंचारको क्षेत्रका बौद्रिक ब्यक्तित्वहरूको जमातमा कार्य गर्दै आएको छ। १ सय ९३ वटा राष्ट्रमा बिस्तार गरी शान्ति मैत्री, तथा आपसी सद्भाव, सहनशिलता, मानव अधिकारको सम्मान, सहकार्य र सामुहिक प्रयास, समाजिक न्याय तथा उपलब्धीको न्यायोचित बितरण, रचनात्मक, सिर्जनसिलताद्वारा शान्ति प्रगति तथा सम्बृद्धि प्रवर्द्धन गरेर राष्ट्रको बिकास गर्ने उद्देश्यले युनेस्कोको स्थापना भएको हो। युनेस्कोले हाल कर्णाली प्रदेश, बागमति प्रदेश र प्रदेश २ मा कार्यक्रम गर्दै आएको जनाइएको छ।

# ८ महिनाको अवधिमा प्रत्येक नेपालीको टाउकोमा ५ हजार रुपैयाँ ऋण थपियो

**दैनिक समाचारदाता**
**काठमाडौं, २० चैत।**

चालु आर्थिक वर्ष २०७७/७८ को ८ महिनाको अवधिमा प्रत्येक नेपालीको टाउकोमा ५ हजार रुपैयाँ सार्वजनिक ऋण थपिएको छ।

सरकारले चालु आर्थिक वर्षको ८ महिना (साउन–फागुनसम्म) को अवधिमा कुल १ खर्ब ९२ अर्ब ४२ करोड ४४ लाख रुपैयाँ सार्वजनिक ऋण लिएको हो।

महालेखा नियन्त्रक कार्यालयका अनुसार यो अवधिमा सार्वजनिक ऋणको सावाँ र व्याज भुक्तानीमा ३८ अर्ब ७१ करोड रुपैयाँ खर्च भएको छ।

यस आधारमा हेर्दा चालु आवको पहिलो ८ महिनामा खुद सार्वजनिक ऋण थप १ खर्ब ५३ अर्ब ७० करोड रुपैयाँ भएको छ। यो ऋणलाई प्रत्येक नेपालीको टाउकोमा भाग लगाउँदा ५ हजार रुपैयाँ सार्वजनिक ऋण थप भएको एबिसी न्युजले जनाएको छ।

नेपालको जनसंख्या ३ करोड मान्दा यसअवधिमा प्रत्येक नेपालीको टाउकोमा उक्त परिमाण बराबरको ऋण थप भएको हो। वर्तमान सरकार आएसँगै आर्थिक स्रोतको महत्वपूर्ण माध्यमका रुपमा सार्वजनिक ऋण परिचालन भएको देखिएको छ।

अर्थ मन्त्रालयको तथ्यांक अनुसार २०७७ असार मसान्तसम्म खुद तिर्न सार्वजनिक ऋण १४ खर्ब १९ अर्ब ८८ करोड रहेको थियो। चालु आवको ८ महिनाको अवधिमा १ खर्ब ५३ अर्ब ऋण थपिएसँगै अब नेपालको खुद सार्वजनिक ऋण भने १५ खर्ब ७३ अर्ब ५८ करोड रुपैयाँ पुगेको छ।

यो ऋणलाई जनसंख्याको अनुपातमा हिसाब गर्दा प्रतिव्यक्ति ऋण ५२ हजार ४ सय ५२ रुपैयाँ पुगेको छ। सरकारले असार मसान्तसम्म आन्तरिक ऋण ६ खर्ब १३ अर्ब ७४ करोड लिएकोमा चालु आवको ८ महिनामा १ खर्ब १२ अर्ब ५१ करोड रुपैयाँ ऋण लिएको छ।

८ महिनामा आन्तरिक ऋणको सावा फिर्ता भुक्तानीमा ८ अर्ब २२ करोड र ब्याज भुक्तानीमा १५ अर्ब ८ करोड रुपैयाँ खर्च भएको छ। असार मसान्तसम्म बाह्य ऋण ८ खर्ब ६ अर्ब १४ करोड रुपैयाँ रहेकोमा ८ महिनाको अवधिमा ७९ अर्ब ९० करोड ९१ लाख रुपैयाँ बाह्य ऋण थपिएको छ। यस अवधिमा वैदेशिक ऋण फिर्ता १२ अर्ब ५ करोड र ब्याज भुक्तानीमा ३ अर्ब ४८ करोड रुपैयाँ भएको छ।

# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*